बलेफी गाउँपालिका

བལེཕི། གཱཨུཔལིཀ།།

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८२/०८३

चलानी नं. :

मितिः२०८३/०३/०८

## जलस्रोत प्रदूषित नगर्ने/नगराउने सम्बन्धि सूचना ।

नेपाल सरकारबाट प्राप्त निर्देशन तथा प्रचलित कानुन बमोजिम गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोला, मुहान, कुवा, पोखरी, लगायतका जलस्रोतहरूको संरक्षण तथा स्वच्छता कायम राख्न सबै सरोकारवालाहरूलाई यो सूचना प्रकाशित गरिएको छ।

जलस्रोत ऐन, २०४९ को दफा (१९) मा जलश्रोतलाई प्रदुषित गर्न नहुने व्यवस्था रहेको छ । सो सम्बन्धमा ऐ. दफाको उपदफा (२) मा भएको उपदफा (१) बमोजिम तोकिएको जलश्रोतको प्रदुषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास, विष, रासायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न नहुने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन तथा पालना गर्न/गराउनुहुन सम्बन्धित सबैलाई अनुरोध छ।

स्वच्छ वातावरण र सुरक्षित खानेपानीको सुनिश्चितताका लागि सबैको सहयोगको अपेक्षा गरिएको छ।

२०८३/०३/०८

..........................

होम बहादुर राउत

प्रमुख प्रशासकीय अधिकृत